**आकाशवाणी समाचार- नेपाली**

मितिः १७ अक्टुबर २०२४

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

**१.** राष्ट्रपति द्रौपदी मुर्मुले हिजो मौरिटानियाका राष्ट्रपति मोहम्मद ओल्ड गजौनीसँग द्विपक्षीय भेटवार्ता गर्नुभएको छ

**२.** प्रधानमन्त्री नरेन्द्र मोदी आज नयाँ दिल्लीमा अन्तर्राष्ट्रिय अभिधम्म दिवस कार्यक्रममा सहभागी हुनु हुनेछ। प्रधानमन्त्रीले पाली भाषाको महत्व र बुद्ध धर्मको समृद्ध सम्पदाबारे सम्बोधन राख्नु हुनेछ|

**३.** भारतीय जनता पार्टीका नेता नायब सिंहले आज लगातार दोस्रो पटक हरियाणाको मुख्यमन्त्रीको सपथ लिनु हुनेछक्यानडाले भारत र भारतीय कूटनीतिज्ञहरूमाथि लगाइएको आरोपबारे कुनै प्रमाण पेश गर्न नसकेको भारतले पुनः जनाएको छ ।

**४.** नीति आयोगले आजदेखि नयाँ दिल्लीमा दुईदिने अन्तर्राष्ट्रिय मेथनॉल सेमिनार र एक्सपो-२०२४ आयोजना गर्नेछ।

**राष्ट्रपतिको भ्रमण**

राष्ट्रपति द्रौपदी मुर्मुले हिजो मौरिटानियाका राष्ट्रपति मोहम्मद ओल्ड गजौनीसँग द्विपक्षीय भेटवार्ता गर्नुभएको छ । प्रतिनिधिमण्डलस्तरीय वार्तामा राष्ट्रपति मुर्मु पनि सहभागी हुनु भएको थियो । सो अवसरमा दुई देशबीच द्विपक्षीय सम्बन्धलाई बलियो बनाउन चारवटा समझदारीपत्रमा हस्ताक्षर भएको थियो ।राष्ट्रपति मुर्मु आजदेखि शनिबारसम्म मलावीको ३ दिने भ्रमणमा जानु हुनेछ । त्यहाँ उहाँले मलावीका नेतृत्वसँग द्विपक्षीय भेटघाट गर्ने र भारतीय प्रवासीसँग भेट गर्ने कार्यक्रम छ।

****** ० ******

**प्रधानमन्त्री - अभिधम्म दिवस**

प्रधानमन्त्री नरेन्द्र मोदी आज नयाँ दिल्लीमा अन्तर्राष्ट्रिय अभिधम्म दिवस र पाली भाषालाई शास्त्रीय भाषाको रूपमा मान्यता दिनको लागि आयोजित कार्यक्रममा सहभागी हुनु हुनेछ। अन्तर्राष्ट्रिय बौद्ध महासंघले संस्कृति मन्त्रालयसँगको सहकार्यमा यो कार्यक्रम आयोजना गर्न लागेको हो । अभिधम्म दिवसका अवसरमा प्रधानमन्त्रीले पाली भाषाको महत्व र बुद्ध धर्मको समृद्ध सम्पदाको संरक्षण र प्रवद्र्धनमा सरकारले गरेको प्रयासका बारेमा आफ्ना धारणा राख्नुहुनेछ । समारोहलाई संस्कृति तथा पर्यटनमन्त्री गजेन्द्रसिंह शेखावतले विशेष सम्बोधन गर्नु हुनेछ । यस अवसरमा संसदीय तथा अल्पसंख्यक मामिला मन्त्री किरेन रिजिजु पनि उपस्थित रहनु हुनेछ। यस वर्षको अभिधम्मा दिवस मनाइने अन्य चार वटा भाषासँगै पालीलाई पनि हालै शास्त्रीय भाषाको रूपमा मान्यता दिइएपछि यसको महत्व बढेको छ । अभिधम्ममा भगवान बुद्धका शिक्षाहरू मूल रूपमा पाली भाषामा उपलब्ध छन्।

****** ० ******

**मन्त्रिपरिषद्को निर्णय**

केन्द्रीय कृषि मन्त्री शिवराज सिंह चौहानले वृत वर्ष 2025-26 को लागि छ रबी बालीको एमएसपी बढाउने मन्त्रिपरिषद्को निर्णयको लागि प्रधानमन्त्री नरेन्द्र मोदीलाई धन्यवाद दिनु भएको छ ।

BYTE

****** ० ******

**एनडीए मुख्यमंत्री सम्मेलन-हरियाणा**

प्रधानमन्त्री नरेन्द्र मोदीले चण्डीगढमा राष्ट्रिय जनतांत्रिक गठबन्धनका मुख्यमन्त्री र उप-मुख्यमन्त्रीहरूको सम्मेलनको अध्यक्षता गर्नु हुनेछ । भाजपा अध्यक्ष जेपी नड्डा, रक्षामन्त्री राजनाथ सिंह र गृहमन्त्री अमित शाह पनि सम्मेलनमा सहभागी हुनु

हुनेछ। हरियाणाका नवनिर्वाचित मुख्यमन्त्री नायबसिंह सैनीको सपथ ग्रहण समारोह लगत्तै अधिवेशन सुरु हुनेछ। राष्ट्रिय विकासका विषयमा हुने सम्मेलनमा संविधानको अमृत महोत्सवमा पनि छलफल हुनेछ। भाजपासँग हाल १३ मुख्यमन्त्री र १६ उपमुख्यमन्त्री रहेका छन् भने महाराष्ट्र, आन्ध्र प्रदेश, बिहार, सिक्किम, नागाल्याण्ड र मेघालयमा सहयोगी दलका मुख्यमन्त्री रहेका छन्।

****** ० ******

**आसियान-भारत**

भारत र ASEAN देशहरू बीच पहिलो ट्र्याक-वन साइबर नीति संवाद हिजो सिंगापुरमा सम्पन्न भयो। विदेश मंत्रालयमा साइबर कूटनीति डिविजनका संयुक्त सचिव अमित ए. शुक्लाले वार्तामा भारतको प्रतिनिधित्व गर्नु भयो। सो क्रममा दुवै पक्षले साइबर आक्रमणको अवस्था, राष्ट्रिय साइबर नीति, जोखिम मूल्याङ्कन र संयुक्त राष्ट्र संघमा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा भएका पछिल्लो घटनाक्रमका बारेमा छलफल भएको थियो। वार्तामा पहिचान भएका क्षेत्रमा क्षमता अभिवृद्धि र तालिमका लागि सहकार्यका सम्भावनाहरूबारे पनि छलफल भएको थियो। वार्ताले आसियान-भारत व्यापक रणनीतिक साझेदारीलाई बलियो बनाउनेछ।

****** ० ******

**रात्रि भाजपा चुनाव समिति बैठक**

महाराष्ट्र विधानसभा चुनावमा उम्मीदवारहरुको नाम तय गर्न भारतीय जनता पार्टी (भाजपा) को केन्द्रीय चुनाव समितिको बैठक नयाँ दिल्लीस्थित पार्टी मुख्यालयमा बसेको छ। बैठकमा प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह, रक्षामन्त्री राजनाथ सिंह, भारतीय जनता पार्टी (भाजपा) का अध्यक्ष जेपी नड्डालगायत वरिष्ठ नेताहरु सहभागी थिए।

****** ० ******

**भारत एआई मिशन**

राष्ट्रीय आर्टिफिसियल इन्टेलिजेन्स मिशनले सुरक्षित र भरपर्दो ए.आई.का लागि जारी गरिएको एक्सप्रेशन अफ इन्ट्रेस्टमा आठ वटा आर्टिफिसियल इन्टेलिजेन्स परियोजना छनोट गरेको छ। प्रतिष्ठित शैक्षिक संस्था, स्टार्टअप, अनुसन्धान संस्था र नागरिक समाजबाट दुई हजारभन्दा बढी प्रस्ताव प्राप्त भएका थिए। तीमध्ये आठ जना तकनीकी मूल्यांकन पछि छनोट भएका थिए। मिसनले स्वास्थ्य सेवा, शिक्षा, कृषि, स्मार्ट सिटी, स्मार्ट मोबिलिटी र यातायात लगायत पूर्वाधार जस्ता क्षेत्रहरूमा सामाजिक आवश्यकताहरू पूरा गर्न प्रयासहरूमा ध्यान केन्द्रित गरिरहेको छ। इलेक्ट्रोनिक्स र सूचना प्रौद्योगिकी मन्त्रालयले भनेको छ कि छानिएका परियोजनाहरूले आर्टिफिसियल इन्टेलिजेन्सको विकास, तैनाती र सुरक्षित रूपमा अपनाउने उपायहरूको पहिचान गरिरहेका छन्। यी परियोजनाहरूमा नैतिक, पारदर्शी र भरपर्दो आर्टिफिसियल इन्टेलिजेन्स टेक्नोलोजीहरूको लागि दिशानिर्देशहरू स्थापना गर्ने र स्वदेशी उपकरणहरूको विकास र कार्यान्वयनको लागि ढाँचा समावेश छ। इन्डिया ए आईले धेरै प्रमुख क्षेत्रहरूमा जिम्मेवार आर्टिफिसियल इन्टेलिजेन्स परियोजनाहरूलाई बढावा दिन चासोको अभिव्यक्ति जारी गरेको छ।

****** ० ******

**ट्रुडो - बयान**

क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले खलिस्तानी आतंकवादी हरदीप सिंह निज्जरको हत्यामा भारतको संलग्नता रहेको आरोप लगाउँदा आफ्नो सरकारसँग ठोस प्रमाण नभएको स्वीकार गर्नु भएको छ। विदेशी हस्तक्षेप अनुसन्धानको क्रममा क्यानाडाका प्रधानमन्त्रीले खुलासा गर्नु भए अनुसार आरोप खुफिया सूचनामा आधारित रहेको तथा प्रमाणित नरहेको स्पष्ट पर्नु भएको छ।

****** ० ******

**विदेश मन्त्रालय - क्यानाडा**

क्यानडाले भारत र भारतीय कूटनीतिज्ञहरूमाथि लगाइएको आरोपबारे कुनै प्रमाण पेश गर्न नसकेको भारतले पुनः जनाएको छ। विदेश हस्तक्षेप आयोगमा क्यानाडाका प्रधानमन्त्री जस्टिन ट्रुडोको बयानको सम्बन्धमा मिडियाको प्रश्नमा विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले भन्नुभयो, ट्रुडोको बयानले भारतले सधैं भनेको कुरालाई पुष्टि गर्दछ।

****** ० ******

**नीति आयोग सेमिनार**

नीति आयोगले आजदेखि नयाँ दिल्लीमा दुईदिने अन्तर्राष्ट्रिय मेथनॉल सेमिनार र एक्सपो-२०२४ आयोजना गर्नेछ। अमेरिकाको मेथनॉल इन्स्टिच्युटसँगको सहकार्यमा आयोजना गरिएको हो। कार्यक्रमले मेथनॉल उत्पादन, अनुप्रयोगहरू र विश्वमा सम्बन्धित प्राविधिक विकाससँग सम्बन्धित परियोजनाहरू, उत्पादनहरू, अनुसन्धान र विकास पहलहरूको प्रगतिको बारेमा छलफल गर्नेछ। सेमिनारको मुख्य उद्देश्य विश्वको ऊर्जा क्षेत्रमा मेथनॉलको भूमिका र हरित ढुवानीमा न्यून कार्बन इन्धनको रूपमा मेथनॉलको उदयका बारेमा जानकारी गराउनु रहेको छ। नीति आयोगका सदस्य डा वीके सारस्वतले हिजो नयाँ दिल्लीमा मेथनॉल बहुमुखी इन्धन भएको बताउनु भएको छ। यो बायोमास, कोइला र नवीकरणीय स्रोतहरू सहित घरेलु फिडस्टकको विस्तृत श्रृंखलाबाट उत्पादन गर्न सकिन्छ। उहाँले यो सबैभन्दा स्वच्छ इन्धन मध्येको एक भएको र जीवाश्म इन्धनभन्दा सस्तो रहेको बताउनुभयो।

****** ० ******